# नेपालमा सामुदायिक वन सुशासनको बहुआयामिकता

अप्सरा चापागाई[१]

## १. नेपालमा सामुदायिक वनः ऐतिहासिक पृष्ठभूमि

नेपालको वन क्षेत्र एक महत्वपूर्ण प्राकृतिक स्रोत हो । वन स्रोत बिना नेपाली समाज, खासगरी ग्रामीण समाजको कल्पना पनि गर्न सकिँदैन । यसको प्रमुख कारण भनेको ग्रामीण समाजको जीविकोपार्जनको एक प्रमुख आधार भनेको वरिपरि रहेको वन क्षेत्रमा पाइने स्रोतहरू हुनु हो ।

नेपालमा वन स्रोतको व्यवस्थापन परापूर्वकालदेखि नै विभिन्न तरिकाले हुँदै आएको देखिन्छ । यद्यपि सफल संरक्षण चाहिँ स्थानीय समुदायको सहभागिता र योगदान बिना सम्भव नभएको कुरा प्रमाणित हुँदै आएको छ । नेपालमा वन स्रोतको इतिहासलाई स्मरण गर्ने हो भने परापूर्वकालमा यो पूर्ण रूपमा स्थानीय जनताको नियन्त्रणमा रहेको थियो ।

प्राचीन समयमा मानव जाति वन क्षेत्रमा नै बस्दथे । वनकै बोक्राको लुगा लगाउने गर्दथे र कन्दमूल खान्थे । तर समाजका केही व्यक्तिहरू शक्तिशाली वर्गका रूपमा परिणत भएपछि उनीहरू विस्तारै आफ्नो समाजको शासक वर्ग बन्न थाले । उनीहरूले समुदायका कमजोर वर्गहरूमाथि शासन गर्न थाले । परिणामस्वरूप विभिन्न प्रकारका प्राकृतिक स्रोतहरूमाथि उनीहरूले अधिकार प्रयोग गर्न थाले । यही सिलसिलामा वन स्रोतमाथि पनि समुदायका केही शासक वर्गहरूले हालीमुहाली बढाउन थाले ।

मानव समाजमा राज्यको अवधारणा र अभ्यासको सुरुआत भए पनि स्रोतमाथिको अधिकार राज्यको अधिकारका रूपमा विकास भयो । उक्त प्रक्रिया विस्तारै वन क्षेत्रको व्यवस्थापनमा पनि लागू हुँदै आएको हो । राज्यका शासकहरूले वन क्षेत्रलाई राज्यको सम्पत्तिको रूपमा लिए पनि वन क्षेत्रको संरक्षणका लागि भने स्थानीय समुदायलाई नै जिम्मेवारी दिने प्रचलन धेरै पुरानो होइन ।

**तालिका १ः नेपालमा वन क्षेत्रको व्यवस्थापनसँग सम्बन्धित केही महत्त्वपूर्ण घटना क्रमहरू**

| मिति | महत्त्वपूर्ण घटनाहरू |
|---|---|
| २००७ भन्दा अघि | राणाकालमा वन क्षेत्रलाई सत्ता टिकाउने स्रोतको रूपमा प्रयोग गरिन्थो र यसका लागि वन क्षेत्रलाई बिर्ता, दाइजो, जागिर, किपटको रूपमा वितरण |
| २०१३ | वन क्षेत्रको राष्ट्रियकरण |
| २०१६ | बिर्ता प्रथाको उन्मूलन |
| २०१७ | टिम्बर कर्पोरेसन नेपाल (TCN) को स्थापना |
| २०१८ | पहिलो वन ऐन |
| २०३३ | वन संरक्षण राष्ट्रिय गोष्ठी |
| २०३५ | पञ्चायती वन र पञ्चायत संरक्षित वन नियमावली जारी |
| २०३६ | जनमत सङ्ग्रह र वन फडानी तीव्र |

१ लेखक सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल (फेकोफन) को पूर्व केन्द्रीय अध्यक्ष हुन् ।

| | |
|---|---|
| २०३९ | विकेन्द्रीकरण ऐन |
| २०४२ | वन विकास गुरुयोजना बारे छलफल प्रारम्भ |
| २०४४ | प्रथम सामुदायिक वन कार्यशाला गोष्ठी |
| २०४६ | वन विकास गुरुयोजना जारी |
| २०४९ | वन ऐन |
| २०५१ | वन नियमावली (२०५१ चैत २० गतेबाट) लागू |
| २०५२ | सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन जारी भै क्रमशः २०५८, २०६५, २०७१ मा तेस्रो पटक संशोधन |

स्रोतः नेपाल सरकार २०४९, २०७१, वन विभाग २०६५, फेकोफन २०१५

नेपालको सन्दर्भमा कुरा गर्दा राम शाहको पालामा कुलो तथा पानी मुहानको रूख बिरुवा जोगाउनु भन्ने उद्घोष गर्ने गरेको कुरा विभिन्न दस्तावेजहरूमा देख्न सकिन्छ । शाहवंशीय शासनकालमा देश एकीकरणको नेतृत्व गर्ने पृथ्वीनारायण शाहले समेत वन स्रोतलाई महत्त्वका साथ हेरेको पाइन्छ । उनको भनाइलाई महावाणी भनी विभिन्न शिलालेखहरूमा लेखेर ठाउँ ठाउँमा राख्ने गरेको कुरा हाम्रा लागि नौलो विषय होइन । राजा पृथ्वीनारायण शाहको वन स्रोतसँग सम्बन्धित उद्घोषहरू अहिले पनि गोर्खा दरबार आसपास देख्न पाइन्छ । त्यसैगरी नेपालको जडीबुटी लगायतको वन स्रोतलाई बिक्री गरी विदेशी मुद्रा कमाउने अर्थमा पनि उनका भनाइहरू रहेको पाइन्छ ।

वि.सं. २००७ भन्दा अघि राणा शासकहरूले आफ्नो शासन सत्ता टिकाउनको लागि वन क्षेत्रको प्रयोग गरेको पाइन्छ । उनीहरूले तत्कालीन् ब्रिटिस सरकारले चाहे अनुसार नेपालका राम्रा सालको काठ उपलब्ध गराउनुको साथै वन क्षेत्रलाई आफ्ना आसेपासेहरूलाई किपट, बिर्ता, जागिर र छोरीबेटीहरूलाई दाइजोको रूपमा वितरण गर्ने गरेको कुरा विभिन्न लेखहरूमा भेटिन्छ । राणा प्रधानमन्त्रीहरूले आफूलाई परिवर्तनकारी देखाउन नोकर चाकरलाई उन्मुक्ति दिई बसोबासको व्यवस्था पनि तराईका विभिन्न ठाउँहरूमा गर्ने गरेको इतिहास भेटिन्छ । जस्तैः– हालको बारा जिल्लाको अमलेखगञ्जमा यस्ता थुप्रै व्यक्तिहरूलाई यस्तो व्यवस्था गरेको प्रमाणहरू भेटिन्छ । यसको मूल रहस्य भनेको उक्त ठाउँमा रहेका बहुमूल्य सालका रुखहरू काटी भारततर्फ बेच्नु थियो । उक्त ठाउँको सालको काठ अब्बल दर्जाको काठको रूपमा हेरिन्छ । त्यहाँको साल प्रयोग गरी भारतमा धेरै रेलका लिग तयार भएका थिए । जसले गर्दा राणाहरूलाई नेपालमा आफ्नो निरङ्कुश शासन सत्ता सञ्चालनमा समेत सहज वातावरण बनाएका थिए ।

राज्यले वन क्षेत्रमाथि अधिकार बढाउँदै लैजाने कामको निरन्तरता नेपालमा चल्दै गयो र वि.सं. २०३० तिर आइपुग्दा नेपालको वन क्षेत्रको विनाशको अवस्थाले नेपाल मात्रै हैन यो अन्तर्राष्ट्रिय समुदायकै लागि एक समस्या बन्न पुग्यो । यो समस्याको समाधान गर्नका लागि वि.स. २०४१ सालमा वन विकास गुरुयोजना तयार गर्ने कार्यदल गठन भयो । त्यसैगरी २०४४ सालमा वन सम्बन्धी राष्ट्रिय गोष्ठी आयोजना भयो । सो गोष्ठीले वन क्षेत्रको संरक्षण तथा विकास गर्नका लागि वन क्षेत्र वरिपरि रहेका स्थानीय समुदायलाई जिम्मेवार बनाउने अवधारणाको विकास गर्‍यो । सोही आधारमा कार्यदलले विभिन्न स्तरमा परामर्श गर्दै स्थानीय समुदायको प्रत्यक्ष सहभागिताको अपरिहार्यता महसुस गरी वन विकास गुरुयोजना तयार गर्‍यो । तत्कालीन सरकारले वि.सं. २०४६ मा २१ वर्षको लागि वन विकास गुरुयोजनालाई आधिकारिकता दियो । उक्त गुरुयोजनाले पूर्ण रूपमा जनताको सहभागिताको अपेक्षा गर्दै सामुदायिक वन विकास कार्यक्रमलाई पहिलो प्राथमिकताको रूपमा मार्गनिर्देश गर्‍यो । यसले विशेषतः वन विकासका महत्त्वपूर्ण चार आधारहरूलाई अङ्गीकार गरी अगाडि बढेको थियो ।

क) स्थानीय समुदायको आधारभूत आवश्यकताको परिपूर्ति,

ख) लाभांश र निर्णय प्रक्रियामा स्थानीय समुदायको सहभागिता,

ग) वन सम्पदाको सतत (निरन्तर) उपयोग, र

घ) सामाजिक तथा आर्थिक उन्नति ।

यही गुरुयोजनाको आधारमा वि.सं. २०४९ सालमा वन ऐन र २०५१ सालमा वन नियमावली तयार गरी सोही वर्षको चैत २० गते देखि लागू भयो । वि.सं.२०५२ सालमा सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन जारी गरी क्रमशः २०५८, २०६५ र २०७१ साल गरी तेस्रो संशोधन  समेत तयार भइसकेको छ। यस्ता नीतिगत दस्ताबेजहरूले सामुदायिक वन विकास गुरुयोजनाले देखाएको बाटो अनुसार प्रत्यक्ष रूपमा स्थानीय जनताको सहभागिता हुने गरी सामुदायिक वन विकास कार्यक्रमलाई बढावा दिइरहेको छ । सोही अनुसार नेपालमा व्यापक रूपमा सामुदायिक वन कार्यक्रमको विकास र विस्तार भएको छ । हालसम्मको तथ्याङ्कलाई हेर्ने हो भने नेपालको वनक्षेत्र मध्ये १७,९८,७३३ हेक्टर क्षेत्र १८९६० सामुदायिक वन उपभोक्ता समूहहरूले सामुदायिक वनको रूपमा व्यवस्थापन गर्दछन् । जसमा जम्मा नेपालको कुल घरधुरी सङ्ख्याको ३९ प्रतिशत (२३,९२,७५५ घरधुरी) वा करिब एक करोडभन्दा बढी जनसङ्ख्या लाभान्वित भएका छन् (वन विभाग, सामुदायिक वन महाशाखा, सेप्टेम्बर ३, २०१५) ।

## २. नेपालको सामुदायिक वन व्यवस्थापनमा सुशासनका अभ्यासहरू

नेपालमा सामुदायिक वनको सुशासनलाई पारदर्शिता, जवाफदेहिता, सहभागिता तथा विधिको शासन र प्रभावकारिताको अवस्थाहरूका आधारमा मूल्याङ्कन गरिन्छ । यसको अर्थ सामुदायिक वन व्यवस्थापनको सफलताको एक प्रमुख कारण भनेकै वन समूहहरूमा भएको सुशासनको अवस्था हो। सामुदायिक वन समूहहरूले आफ्नो समूहको सुशासन सुदृढ गर्नका लागि विभिन्न सूचकहरूको निर्धारण गर्दछन् र यिनै सूचकहरूका आधारमा सुशासन सुदृढीकरणको योजना तयार गर्दछन् ।  तीन सूचकहरूको छोटो चर्चा तल गरिएको छ ।

**क) पारदर्शिता :** पारदर्शिताको अवस्था वन समूहहरूमा सुशासनको अवस्था मापन गर्ने एक महत्त्वपूर्ण विषय हो । पारदर्शिता भन्नाले सामान्यतयाः वन समूहहरूले आफ्नो समूहमा भए गरेका सम्पूर्ण कामहरूको हिसाबकिताब पारदर्शी बनाउनु हो । उनीहरूले यस्ता हिसाबकिताबहरूका बारेमा समूहका सबै सदस्य तथा उपभोक्ताहरूलाई विभिन्न विधिहरू, जस्तैः– सूचना पाटीमा टाँस गरेर वा सञ्चारका कुनै विधि प्रयोग गरी समूहका सबैलाई जानकारी प्रदान गर्ने गर्दछन् । कतिपय सामुदायिक वन उपभोक्ता समूह (सावउस)हरूमा हरेक दिन आर्थिक अभिलेख सूचना पाटीमा टाँस गर्ने गरिएको छ भने कतिपयमा सावउसहरूमा हप्ताको एकपटक र कतिपयमा मासिक रूपमा सूचना पाटीमा टाँस गर्ने र सबैलाई जानकारी गराउने गरिएको हुन्छ । वन समूहहरूले वार्षिक रूपमा जन लेखा परीक्षणको माध्यमबाट आफ्नो आय व्ययका बारेमा लेखाजोखा तथा छलफल गर्दछन् ।

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ अनुसार वार्षिक आम्दानी रू. ५०,००० भन्दा कम भएका वन समूहहरूले आफैंले छनौट गरेका व्यक्ति वा निकायबाट लेखा परीक्षण गराउन सक्दछन् तर रू. ५०,००० भन्दा बढी आम्दानी भएका वन समूहहरूको हकमा भने लेखा परीक्षण गर्न अनुमति प्राप्त व्यक्ति वा अधिकारीले नै गर्नुपर्ने कुरा उल्लेख भएको छ । यसका अलावा वन समूहहरूले सरोकारवाला निकायहरूलाई समेत जानकारी दिनको लागि अर्धवार्षिक वा वार्षिक रूपमा सार्वजनिक सुनुवाइ तथा जनलेखा परीक्षण जस्ता कार्यक्रमहरूको पनि आयोजना गर्ने गर्दछन् ।

**ख) जवाफदेहिता :** समूहका पदाधिकारीहरूले समूहको बैठक र भेलाबाट आफूहरूले लिएको जिम्मेवारी तोकिएको समयभित्र पूरा गर्ने र जवाफदेहिता बहन गरे नगरेको कुरा वन समूहहरूमा सुशासनको अवस्था मापन गर्ने प्रमुख एक सूचक हो । सामुदायिक वन

उपभोक्ता समूहमा सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको सिद्धान्त अनुरूप प्रभावकारी ढङ्गले कामहरू गर्ने चलन बसाइएको हुन्छ। कुनै जातजाति, वर्ग, भाषा, लिङ्ग आदिका आधारमा समाजमा हुने गरेका विभेदहरूलाई विस्तारै निरुत्साहित गर्ने काम वन समूह नेतृत्वको कर्तव्य हो। तर सामुदायिक वन समूहहरूमा कुनै समस्या नै नभएको भने होइन। कतिपय सामुदायिक वनमा प्रक्रियागत त्रुटिका कारण निर्णय प्रक्रियामा सम्मानजनक सहभागिताको अभाव हुने, समूह र समिति बीच एक आपसमा अविश्वास सिर्जना भई समूहमा राम्रो काम हुन नसक्नु, समूहमा भएका गरिब तथा विपन्न वर्गलाई फाइदाको न्यायोचित बाँडफाँड हुन नसक्नुका साथै जोखिम बहन गर्न सक्ने क्षमतामा पनि कमी भएको देखिएको छ। कतिपय सावउसका पदाधिकारीहरूको जिम्मेवारी हस्तान्तरणको काममा समेत केही समस्याहरू देखिने गरेको छ। यसैगरी सामुदायिक वनमाथि बेलाबेलामा सरकारी तथा अन्य निकायहरूबाट हुने नकारात्मक हस्तक्षेपका कारण वन समूहहरूले अनावश्यक दुःख पाउने र फलस्वरूप ती वन समूहहरूमा सुशासनको समस्या देखिने गरेको छ।

**ग) सहभागिता :** सामुदायिक वन क्षेत्रको दिगो व्यवस्थापनमार्फत लैङ्गिक तथा सामाजिक समावेशीकरण गर्ने कुरा वन क्षेत्रको नीतिगत प्रावधानहरूमा स्पष्ट रूपमा उल्लेख भएका छन्। वन विकास गुरुयोजना, २०४६ ले वन समूहहरूमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित हुनुपर्ने कुरा उल्लेख गरेको छ भने सामुदायिक वन विकास कार्यक्रम मार्गदशनले महिला, दलित, पछाडि परेका र पारिएका वर्गको लागि विशेष व्यवस्था गर्नुको साथै ५० प्रतिशत महिला सहभागिता अनिवार्य गरेको छ। सामुदायिक वन उपभोक्ता समूहको समितिमा अध्यक्ष वा सचिव मध्ये एक महिला अनिवार्य हुनुपर्ने व्यवस्था छ। समुदायका विपन्न, महिला, पछाडि परेका वा पारिएका वर्ग र जनजातिहरूको समानुपातिक सहभागिता सुनिश्चित गर्नुको साथै निर्णय प्रक्रियामा लैङ्गिक सन्तुलन, लेखा व्यवस्थापन र कोष परिचालनमा महिलाको पहुँच र सहभागिता कायम गरेको छ । सामुदायिक वन उपभोक्ता समूहको खाता सञ्चालनमा कम्तीमा एक जना महिला अनिवार्य रहनुपर्ने साथै आम्दानीको २५ प्रतिशत रकम वन विकासमा खर्च गर्नुपर्ने व्यवस्था वन नियमावलीमा स्पष्ट रूपमा उल्लेख भएको छ। बाँकी रहेको रकमको हकमा समूहको साधारण सभाबाट निर्णय गरी समूहको हितमा खर्च गर्न सक्ने कुरा उल्लेख भएको छ।

## ३. नेपालमा सामुदायिक वन व्यवस्थापनको बहुआयामिकता

### ३.१ स्पष्ट नीतिगत प्रावधानहरू

वन ऐन, २०४९ अनुसार वन भन्नाले पूर्ण वा आंशिक रूपमा बोट बिरुवाहरूले ढाकिएको क्षेत्रलाई सम्झनु पर्दछ भनी उल्लेख भएको छ। भूस्वामित्वको आधारमा वनको व्यवस्थापन निजी तथा राष्ट्रिय गरी दुई प्रकारले हुने गरेको छ। राष्ट्रिय वन व्यवस्थापन गर्ने हिसाबले सामुदायिक, कबुलियती, धार्मिक, सरकारद्वारा व्यवस्थित र सरकारद्वारा संरक्षित वनको रूपमा व्यवस्थापन हुँदै आएका छन्। यी व्यवस्थापन प्रणालीका आ-आफ्नै महत्त्व छन्। जसमध्ये सामुदायिक वन एक उत्तम व्यवस्थापन प्रणाली मानिन्छ। वन ऐनको परिभाषा अनुसार सामुदायिक वन भन्नाले सामूहिक हितको लागि वनको विकास, संरक्षण र उपयोग गर्न उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वन सम्झनु पर्दछ भनी उल्लेख भएको छ। सोही अनुसार उपभोक्ता समूहले चाहे जति र व्यवस्थापन गर्न सक्ने जति राष्ट्रिय वन क्षेत्रको व्यवस्थापन कार्ययोजना र विधान बनाउँछन र उक्त वन सामुदायिक वनको रूपमा समूहलाई हस्तान्तरण गरिन्छ। उपभोक्ता समूहले आफ्नो वन क्षेत्रको व्यवस्थापन स्वतन्त्र रूपमा गर्दछन्। जस्तैः– उनीहरूले उक्त वन क्षेत्रको वन पैदावारहरूको स्वतन्त्र रूपले मूल्य निंधारण गरी बिक्री वितरण गर्न सक्दछन्। यसैगरी सामुदायिक वनको कार्ययोजना सम्बन्धित उपभोक्ता समूहले आफ्नो आवश्यकता अनुसार र समयानुकूल संशोधन गर्न सक्ने व्यवस्था सम्बन्धित वन नियमावलीमा स्पष्टसँग उल्लेख गरिएको छ।

वि.सं. २०४६ सालको जनआन्दोलन पश्चात जनसहभागिताको आधारमा सञ्चालन भएका विविध कार्यक्रमहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण कार्यक्रमको रूपमा सामुदायिक वन कार्यक्रमलाई लिइन्छ। तीव्र रूपमा विनाश हुँदै गएको वनक्षेत्रलाई जोगाउन र नाङ्गा डाँडाहरूलाई हरियालीमा परिणत गर्ने काममा नेपालको सामुदायिक वन कार्यक्रम वरदान नै भएको छ। यस कार्यक्रमले एकातिर वन क्षेत्रको संरक्षण र विकासमा योगदान पुऱ्यायो भने अर्कोतिर ग्रामीण समुदायमा सरकारले सञ्चालन गर्नुपर्ने सामुदायिक विकास निर्माणका कामहरूमा समेत ठूलो योगदान गरेको छ। यसले समूहका महिला, विपन्न दलित र अवसरबाट वञ्चित वर्गहरूको सामाजिक तथा आर्थिक उन्नतिमा समेत टेवा पुऱ्याउन सफल भएको छ।

यसरी हेर्दा वि.सं. २०१३ सालभन्दा अगाडि नेपालको वन क्षेत्र केही सामूहिक सम्पत्ति तथा केही निजी सम्पत्तिको रूपमा रहे पनि २०१३ सालदेखि २०४९ सालसम्म राज्यले राष्ट्रिय सम्पत्तिको रूपमा परिणत गऱ्यो र वि.सं. २०४९ सालदेखि हालसम्म विभिन्न वन व्यवस्थापनका प्रकारहरूमध्ये सामुदायिक वन राज्यकै एक प्राथमिक कार्यक्रमका रूपमा विकास हुँदै आएको छ। देशको मूल कानून (संविधान) पनि २०७२ असोज ३ गते जारी भई लागू भइसकेको छ। उक्त मूल कानूनले वातावरणीय न्याय, खाद्य सुरक्षा, आवास र स्वच्छ खानेपानी जस्ता सामूहिक प्रकृतिका मौलिक हकहरू र प्राकृतिक स्रोतबाट प्राप्त लाभको स्थानीय समुदायसँग समेत समन्यायिक बाँडफाँड गर्ने तथा प्राकृतिक स्रोत व्यवस्थापनमा स्थानीय समुदायलाई लगानी गर्न दिने जस्ता विभिन्न सकारात्मक व्यवस्थाहरू गरेको छ।

## ३.२ विकास निर्माणको काम

सामुदायिक वनको अभ्यासले नेपालमा नाङ्गा डाँडाहरू हरियालीमा परिणत भएको छ। समुदायमा विभिन्न प्रकारका सामुदायिक विकास निर्माणका कामहरू। जस्तैः– बाटोघाटो, पुलापुलेसा, खानेपानी, स्वास्थ्यचौकी, विद्यालय भवनहरू, विद्यालयका शिक्षकहरूको तलब तथा छात्रवृत्ति, आमा समूह तथा अन्य समूहका सामुदायिक भवनहरू, मठमन्दिर, पाटीपौवाको निर्माण गर्ने काममा समेत थुप्रै सहयोग पुऱ्याएको छ। त्यसैगरी कैयौं सामुदायिक वन समूहहरूले आफ्नो गाउँको विकासका कामहरूलाई एकीकृत विकास कार्यक्रमको रूपमा अगाडि बढाउने योजना अनुसार समूह, गाविस, नगरपालिका र जिविसको लगानी तथा अन्य जिल्लामा रहेका सेवा प्रदायक सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूको सहयोगलाई समायोजन गरी विकास निर्माणका कामलाई एकीकृत कार्यक्रमका रूपमा सञ्चालन गरी विकास निर्माणका कामलाई प्रभावकारी र दिगो बनाउन समेत मद्दत पुऱ्याएको देखिन्छ।

सामुदायिक वन समूहहरूमा दिगो वन व्यवस्थापन (वन प्रमाणीकरण) को अभ्यासहरू पनि हुने गरेको छ। जीविकोपार्जनमा टेवा पुऱ्याई जैविक विविधता संरक्षण, पर्यापर्यटन एवम् वातावरणको संरक्षण भएको छ। एकातिर विभिन्न नाममा हुने वन क्षेत्रको अतिक्रमण रोकथाम गरेका छन् भने अर्कोतिर गरिब तथा विपन्न वर्गलाई जीविकोपार्जनमा टेवा समेत पुऱ्याएका छन्। महिला, दलित तथा पछाडि पारिएका वर्गको सामाजिक हैसियत एवम् नेतृत्व विकासमा समेत उल्लेख्य योगदान पुऱ्याएको छ। नेपालको सामुदायिक वनको अभ्यासले अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको पहिचान स्थापना गर्नुको साथै कार्बन व्यापारको आधार स्तम्भ पनि तयार गरेको छ।

## ३.३ पर्या-पर्यटन तथा वन उद्यमको विकास

पर्या-पर्यटनको हिसाबले हेर्ने हो भने स्थानीय वन पैदावारमा आधारित काष्ठ कलाका वस्तुहरू निर्माण गरी बिक्री वितरण, होम स्टे सञ्चालन, मिनी जु गार्डेन, पिकनिक स्पट, स्मारक निर्माण आदिमा महिलाको सक्रिय सहभागिता देखिन्छ। वन समूहले महिलाहरूको स्वास्थ्य र समयलाई समेत मध्यनजर राखेर समूहभित्र बायोग्यास, धुँवारहित सुधारिएको चुलो, खानेपानीका मुहान संरक्षण तथा सरसफाइ गर्ने, समूहका मानिसहरू सङ्गठित भई वरिपरिको बाटोघाटो सरसफाइ गर्ने काम समेत नवीकरणीय ऊर्जाका कामहरूले वन पैदावारको चाप न्यूनीकरण गर्नलाई समेत ठूलो सहयोग पुऱ्याएको छ।

पर्या-पर्यटन प्रवर्द्धनमा समेत सामुदायिक वनको अभ्यासले उल्लेख्य योगदान गरेको छ। उदाहरणका रूपमा सुनसरी जिल्लाको धरान उप-महानगरपालिका अन्तर्गत धरान बजार वरपर रहेका छ वटा सामुदायिक वन समूहहरूले वनको संरक्षण, संवर्धन तथा सदुपयोग गर्नुको साथै मनोरञ्जनको लागि पिकनिक स्पट, चिल्ड्रेन पार्क निर्माण गर्ने, विभिन्न प्रजातीका वन्यजन्तु संरक्षण गरी मिनी जुसमेत स्थापना गरेका छन्। उल्लिखित क्रियाकलापहरूबाट वन समूहहरूले आर्थिक आम्दानी गर्दै आएका छन्। जस्तैः– ती छ वटा वन समूहहरूमध्ये हरियाली सामुदायिक वनले मात्रै एक वर्षमा (गत साल २०७१) रू. २६ लाख आम्दानी गरेको छ।

वन समूहहरूका माध्यमबाट वन पैदावारमा आधारित उद्यमहरू, जस्तैः– बेलको जुस, तेल, नेपाली हाते कागज, काठ चिरान गर्ने मिल आदिको स्थापना गरी आयआर्जन विकासका कामहरू मार्फत जीविकोपार्जनमा टेवा पुऱ्याउनुको साथै रोजगारी सिर्जनामा समेत उल्लेख्य योगदान गरेको छ। कतिपय सामुदायिक वन उपभोक्ता समूहहरूले विपन्नहरूलाई घरजग्गाको समेत व्यवस्था गरेको छ। उदाहरणका रूपमा नवलपरासीको सुन्दरी सामुदायिक वन र झापाको माथिल्लो मागुरमाढी सामुदायिक वन र सोही जिल्लाको थोप्ले विरान सामुदायिक वन उपभोक्ता समूहहरूले आफूभित्रका विपन्न पहिचान गरी उनीहरूको लागि घडेरी तथा घरको व्यवस्था गरेका छन्। त्यसैगरी सिन्धुपाल्चोक, पर्वत, चितवन लगायतका जिल्लाहरूमा निर्माण भएको बायो ब्रिकेट, दोलखामा धसिंगरेको प्रशोधनबाट तेल, लोक्ता, अर्गेलीको प्रशोधनबाट नेपाली कागजका उद्योगहरू समेत स्थापना भएका छन्। विभिन्न जिल्लाहरूमा बेलको प्रशोधनबाट जाम र जुस बनाउने उद्योगहरूको समेत स्थापना भएको छ। धेरै सामुदायिक वन उपभोक्ता समूहहरूले सामुदायिक काठ मिलको स्थापना गरेका छन्। जस्तै दाङ जिल्लाको गोबडीमा १६ वटा सामुदायिक वन मिलेर खोलिएको काठ मिल र गोरखाको पृथ्वीनारायण नगरपालिका अन्तर्गत रहेको लुदिदामगाडे सामुदायिक वन उपभोक्ता समूहले जङ्गलको सालको पात टिपेर यसबाट दुना टपरी बनाउने उद्यम सञ्चालन गर्दै आएका छन्। उक्त उद्यमबाट धेरै महिला दिदीबहिनीहरूले रोजगारी पाएका छन्। यस्ता दुना टपरी उद्योग देशका अन्य सामुदायिक वन उपभोक्ता समूहहरूले समेत स्थापना गरेका छन्।

चितवनको बाघमारा, चित्रसेन सामुदायिक वन पर्यटक आकर्षणको हिसाबले महत्त्वपूर्ण मानिन्छ। हरेक दिन पर्यटकहरूको आगमनबाट मुद्रा आर्जन गर्दै आएका छन्। पर्यटकको आगमनबाट हुने आम्दानीले समूहका केही व्यक्तिहरूलाई रोजगारीको अवसर मिलेको छ। इलामको समालबुङ गाविसमा रहेको अन्तुडाँडा सामुदायिक वनले सुर्योदयको दृश्य समेत बेच्दै आएको कुरा सुन्दा अचम्म लाग्ने जस्तो भए पनि यो वास्तविकता हो। उनीहरूको सामुदायिक वनबाट सूर्योदयको मनोरम दृश्य देख्न सकिने हुनाले सूर्योदयको दृश्य अवलोकन गरी आनन्द लिन आउने स्वदेशी तथा विदेशी पर्यटकहरूबाट उनीहरूले निश्चित शुल्क लिने गरेका छन्। यसबाट समूहको राम्रै आम्दानी हुने गरेको कुरा उपभोक्ताहरू बताउँदछन्। यसरी आफूसँग भएको स्रोतहरूलाई उपयोग गरी आम्दानी वृद्धि गर्ने र रोजगारको अवसर समेत सिर्जना गर्ने काममा सामुदायिक वन समूहहरू सफल हुँदै गएको देखिन्छ। यस्ता उद्योगहरूको स्थापनाका माध्यमबाट एकातिर सामुदायिक वन उपभोक्ता समूहहरूको वन क्षेत्रमा रहेका वन पैदावरहरूको सङ्कलन, प्रशोधन तथा बिक्री वितरण भई वन समूहको कोषमा आम्दानी वृद्धि भएको छ भने अर्कोतिर समूहका मानिसहरूले त्यस्ता उद्योगहरूमा रोजगारी पाएका छन्। उत्पादित सामग्रीहरूको बिक्री वितरणबाट सामुदायिक वनको प्रचारप्रसार र पर्यटन प्रवर्द्धनमा समेत टेवा पुगेको छ।

## ३.४ गरिबी न्यूनीकरणमा सहयोग

सामुदायिक वनसमूहहरूले आफ्नो उपभोक्ता घरधुरीहरूको सम्पन्नता स्तरीकरण गरी यसैका आधारमा समुदायमा रहेका गरिब तथा विपन्न वर्गहरूको पहिचान गरी वन समूहको कूल आम्दानीको कम्तीमा ३५ प्रतिशत रकम उनीहरूको जीवन स्तरमा सुधार

ल्याउने खालका वा आयमूलक कार्यक्रमहरू सञ्चालन गर्ने काममा खर्च गर्नुपर्ने नीतिगत व्यवस्था छ । यस अन्तर्गत, पशुपालन, तरकारी खेती, घुम्ती पसल, मौरी पालन, फलफूलको जुस उत्पादन, जडीबुटी खेती तथा गैरकाष्ठ वन पैदावरमा आधारित उद्योगहरू सञ्चालन गर्ने जस्ता क्रियाकलापहरू सञ्चालन हुँदै आएको देखिन्छ । यस्ता क्रियाकलापहरूबाट समुदायका विपन्न घरधुरीहरूले जीविकोपार्जनको अवस्थामा सुधार गर्ने काम गरेका छन् । यसका साथै पहिचान भएका घरधुरीहरूलाई सामुदायिक वन क्षेत्र भित्रको केही क्षेत्र आय आर्जनका कामको लागि कबुलियती वनको रूपमा दिने अभ्यास पनि हुँदै आएको छ ।

## ३.५ सामाजिक सशक्तीकरण

नेपालमा वन क्षेत्रको व्यवस्थापन स्थानीय समुदायले गर्न थालेपछि नेपाली समाजमा कुनै पनि काम सामूहिक रूपमा गर्ने संस्कृतिको विकास भएको छ । प्राकृतिक स्रोतमा आधारित विभिन्न अनौपचारिक तथा औपचारिक बैठक, तालिम, गोष्ठी, भेला, अन्तरक्रिया, छलफल आदिमा सक्रियताका साथ सहभागी हुन थालेपछि आफ्नो नाम नै भन्न अप्ठ्यारो मान्नेहरू पनि राम्रोसँग अभिव्यक्ति दिन सक्ने भएका छन् ।

सन् २०११ को जनगणना अनुसार देशको कूल जनसङ्ख्याको ५१.४४ प्रतिशत जनसङ्ख्या ओगट्ने महिलाहरूको साक्षरता दर ५७.४ प्रतिशत मात्र रहेको छ । साक्षरता दर बढाउने कामका लागि सामुदायिक वन उपभोक्ता समूहको सहयोग तथा भूमिका महत्त्वपूर्ण रहँदै आएको छ । किनभने वन समूहहरूले आफ्नो समूहहरूमा औपचारिक तथा अनौपचारिक शिक्षामार्फत निरक्षरता न्यूनीकरण गर्ने कामलाई पनि एक क्रियाकलापका रूपमा लिँदै आएका छन । अहिले शिक्षा क्षेत्रमा हेर्ने हो भने छोरी र बुहारीहरूलाई पढाउने क्रम बढेको छ ।

सामुदायिक वन व्यवस्थापन समुदायमा नेतृत्व विकास गर्ने कामका लागि पनि महत्त्वपूर्ण माध्यम बन्दै आएको छ । सामुदायिक वन अभियानमा दुई लाखभन्दा बढी सामुदायिक तहका स्थानीय नेतृत्वहरू स्वयम्सेवी तथा अन्य कर्मचारीका रूपमा परिचालन भइरहेका छन् । तीमध्ये ६२ हजारभन्दा बढी महिलाहरू त समूहको कार्यसमितिमा जिम्मेवारी पदमा नै बसी काम गरिरहेका छन् । सामुदायिक वनको समितिमा अध्यक्ष र सचिवमध्ये एक जना महिला अनिवार्य हुनुपर्ने तथा समूहको खाता सञ्चालनमा एक महिला अनिवार्य हुनुपर्ने व्यवस्था महिलाहरूको नेतृत्व विकासका लागि कोशेढुङ्गा नै बनेको देखिन्छ । म्याग्दी जिल्ला बाबियाचौर भर्जंला सामुदायिक वन उपभोक्ता समूहका कोषाध्यक्ष विमला जुगजाली भन्नुहुन्छ, *"...पहिला मलाई एकभारी चामल बोक्दा खुटा काम्दैन थियो तर अगाडि आएर नामभन्दा सबै जिउ नै काम्थ्यो तर अहिले सामुदायिक वनमा काम गर्न थालेपछि विषयवस्तुमा राम्रोसँग बोल्न सक्ने भएको छु ।..."*

सामुदायिक वनमा भएको महिलाको सहभागिताले उनीहरूको नेतृत्व विकासमा व्यापक पविर्तन भएको छ। जसले गर्दा आज समुदायका महिलाहरूले आफ्ना अधिकारका विषयहरू प्रभावकारी रूपमा सबै निकायहरूमा अगाडि बढाउन थालेका छन् । परिणामस्वरूप गाउँमा बन्ने बाटोघाटो, पुलपुलेसा, विद्यालय व्यवस्थापन समिति, ग्रामीण विद्युत उपभोक्ता समूहहरू, खानेपानी तथा सरसफाइ उपभोक्ता समूह, सिंचाइ उपभोक्ता समूहहरूमा महिलाको सहभागिता उल्लेख्य रूपमा बढेको छ। सामुदायिक वनको नेतृत्वमा काम गरेका महिलाहरू राजनैतिक दल र यसका भातृ सङ्गठनहरूमा समेत उल्लेख्य सङ्ख्यामा सहभागी हुन थालेका छन् ।

## ४. निष्कर्ष

नेपालमा सामुदायिक वन समूहहरू अन्य सङ्गठनहरू भन्दा तुलनात्मक रूपमा बढी लोकतान्त्रिक भएको कुरा यसको सफल अभ्यासले सङ्केत गर्दछ । यसका लागि सुशासनको सुधार गर्ने कुरा एक महत्त्वपूर्ण विषय बन्दै आएको छ । तर उक्त कुरा त्यतिकै चुनौतीपूर्ण पनि छ । जस्तैः– वन समूहहरूको नियमित बैठक भेलाहरू हुन नसक्नु, बढी स्रोत भएका वन समूहहरूले सार्वजनिक सुनुवाइ तथा जन लेखा परीक्षण सहज तरिकाले गर्न नसक्नु, कार्यसमिति फेरबदल हुँदा दायित्व तथा जिम्मेवारी हस्तान्तरण प्रक्रियागत रूपमा नहुनु वा

गर्न नचाहनु, सम्बन्धित नीति तथा कानूनी प्रक्रियाको बारेमा जानकार नहुनु जस्ता कुराले सुशासन कायम गर्ने विषयमा असर पुगेको देखिन्छ। कतिपय वन समूहहरूले गरिबी न्यूनीकरण गर्ने कामका लागि भन्दा बढी विकास निर्माणका कामलाई प्राथमिकताको विषय बनाउने गरेको, समुदायका गरिब घरधुरीको पहिचान गर्ने काम प्रक्रियागत रूपमा नगर्ने वा गर्न नचाहने जस्ता कुराहरूले पनि वन समूहहरूको सुशासनमा समस्याहरू सिर्जना गरेको देखिन्छ।

गरिबी न्यूनीकरण गर्ने काम नेपालमा विगत तीन चार दशकदेखि प्रमुख प्राथमिकताको विषय बन्दै आएको छ। यथेष्ट प्रयासहरू भए पनि अपेक्षित नतिजा प्राप्त हुन सकेको छैन। नेपालमा वन क्षेत्रमा उपलब्ध स्रोतको दिगो व्यवस्थापन तथा उपयोगका माध्यमबाट पनि के कति र कसरी गरिबी न्यूनीकरण गर्ने काममा मद्दत गर्न सकिन्छ र गर्नु पर्दछ भन्ने कुरा छलफलको विषय बन्दै आएको छ। सामुदायिक वनको अवधारणा तथा अभ्यासले वन स्रोतमा आस्रित समुदायहरूको आय आर्जनको वृद्धि गर्ने काममा मद्दत पुऱ्याएको कुरा विभिन्न ठाउँमा भएका वन समूहहरूको उदाहरणबाट पुष्टि भएको छ। यसका साथै वन समूहहरूमा महिलाहरूको सहभागिता तथा सशक्तीकरण गर्ने काममा पनि ठूलो भूमिका निर्वाह गरेको छ।

तर सामुदायिक वनका माध्यमबाट गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउनका लागि वन समूहहरूको सुशासनको अवस्था राम्रो हुनुपर्ने देखिन्छ। यसको अर्थ नेपालमा सामुदायिक वनको भविष्य नै सुशासन प्रवर्द्धन र यसले गरिबी न्यूनीकरणको काममा पुऱ्याउने योगदानमा निर्भर हुने देखिएको छ। यसकारण हरेक सामुदायिक वन समूहहरूले सम्बन्धित वा समूहको गठनपछिका दिनहरूमा पालना गर्नुपर्ने सम्पूर्ण प्रक्रियाहरू जस्तैः– विधानको तयारी, परिमार्जन, व्यवस्थापनका कामहरू वनको नीति, कानून, नियमावली र सामुदायिक वन विकास कार्यक्रमको मार्गदशनले निर्देशित गरे अनुसार गर्नु पर्दछ। तर यसका लागि स्वयम् सामुदायिक वन उपभोक्ता समुहको बढी जिम्मेवारी भए तापनि सरकारी तथा गैर सरकारी सङ्घ संस्था, राजनैतिक दल, सञ्चार जगत, सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल र अन्य नागरिक समाजहरूको निरन्तर सहयोग पनि निकै महत्त्वपूर्ण छ।

## सन्दर्भ सामग्रीहरू

**नेपाल सरकार**। २०४९। वन ऐन २०४९। नेपाल सरकार, काठमाडौं।

**नेपाल सरकार**। २०५१। वन नियमावली २०५१। नेपाल सरकार, काठमाडौं।

**फेकोफन**। २०१५। सामुदायिक वन उपभोक्ता महासङ्घका विभिन्न प्रतिवेदनहरू। सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल (फेकोफान), काठमाडौं।

**वन विभाग, सामुदायिक वन महाशाखा**। २०६५। सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०६५। काठमाडौं।